नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
प्रबन्ध महाशाखा
हलचोक काठमाण्डौ

## राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. APF/SQ/G/02/075/076

सूचना प्रकाशित मिति २०७५।१२।२१ गते ।

१. आ.ब. २०७५/०७६ मा सशस्त्र प्रहरी बल, नेपालको लागि आवश्यक भएका देहाय बमोजिमका मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य दरभाउपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | दरभाउपत्र आव्हान सूचना नं. | मालसामानको विवरण | परिमाण तथा इकाई | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | APF/SQ/G/02/01/075/076 | आर्मोरर टुल्स बक्स सेट तथा टुल्स बक्स भित्र आवश्यक हुने सामानहरु | दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम | १,०००/- | ३९,०००/- | |
| २. | APF/SQ/G/02/02/075/076 | आर्मोरर लेथ मेशिन | | १,०००/- | १७,०००/- | |
| ३. | APF/SQ/G/02/03/075/076 | हात हतियार मर्मतको लागि आवश्यक सामानहरु | | १,०००/- | ३९,०००/- | |
| ४. | APF/SQ/G/02/04/075/076 | सवारी साधन मर्मतको लागि विभिन्न मेशिनरी सामानहरु | | १,०००/- | २५,०००/- | |
| ५. | APF/SQ/G/02/05/075/076 | म्याट्रेस | | १,०००/- | ४६,०००/- | |
| ६. | APF/SQ/G/02/06/075/076 | पन्चु विथ पोल एण्ड नेल (पानी सपांदी) | | १,०००/- | ४३,०००/- | |
| ७. | APF/SQ/G/02/07/075/076 | कन्सर्टिना वायर | | १,०००/- | ३३,०००/- | |
| ८. | APF/SQ/G/02/08/075/076 | बिपद उद्धारमा प्रयोग हुने सामानहरु | | १,०००/- | ३९,०००/- | |
| ९. | APF/SQ/G/02/09/075/076 | वेयर हाउस र्‍याक | | १,०००/- | ४५,०००/- | |

२. दरभाउपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरी यस कार्यालयमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०७६/०१/०५ गते कार्यालय समय भित्र उल्लिखित सामानहरुको दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३, यस कार्यालयको कोड नं. २७-३१४-५४ मा तोकिएको दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको "क" बर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा दरभाउपत्रको मान्य अवधि (४५ दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात ७५ दिन हुनु पर्नेछ ।

४. मिति २०७६/०१/०६ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्रहरु मिति २०७६/०१/०६ गते १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाता वा निजहरुको वारेश प्रतिनिधिहरु एवं खोलुवा समितिको रोहवरमा प्रबन्ध महाशाखामा खोलिने छ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ। यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ।

७. कुनै वा सबै सिलबन्दी दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. दरभाउपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३, सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ।

९. दरभाउपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं. ०१-४२८९७४९ मा सम्पर्क गर्न सकिने छ। साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा समेत हेर्न सकिने छ।